कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
युगआह्वान
Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)
वर्ष: २५ | अंक: २१६ | वि.सं. २०८२ मंसिर १२ शुक्रवार | नेपाल संवत: ११४५, मंसिर शुक्लपक्ष अष्टमी | Friday 28 November 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# रोजगारीको खोजिमा कालापहाड

**ओम शाही**
**सुर्खेत, ११ मंसिर ।**

देशमा बिस्तारै आगामी २१ फागुनको निर्वाचनको माहोल बन्दै गएको छ। २३-२४ भदौको जेनी-आन्दोलनपछिको विकसित राजनीतिक घटनाक्रमले देशलाई दुई वर्ष अगावै निर्वाचनमा लिन लागेको छ। भ्रष्टाचारको अन्त्य र सुशान कायम हुनुपर्ने माग राख्दै सडकमा उत्रिएको जेन-जी समूहमाथि भएको अत्याधिक बल प्रयोगले देशलाई विषम परिस्थितीमा धकेलेको छ।

यद्यपी पूर्वप्रधानन्यायधिश सुशीला कार्की नेतृत्वको सरकार र राजीतिक दलबीचको दुरीले तोकिएकै समयमा चुनाव हुने वा नहुनेमा एकिन भने भइसकेको छैन। २०७९ को प्रतिनिधिसभा निर्वाचनमा सुर्खेत क्षेत्र नम्बर-२ बाट मतदानमा सहभागी भएका थिए, बराहताल गाउँपालिका-८, भट्टेघारीका हर्कबहादुर तिरुवा।

१ मंसिर २०७९ को मतदानबाट चुनिएका जनप्रतिनिधिले आफ्नो पाँच वर्षे कार्यकाल पुरा गर्न नपाउँदै देश पुनः निर्वाचनमय हुँदै गर्दा हर्कबहादुर भने बिहिबार रोजगारीको खोजिमा भारत हानिएका छन्। उनी उमेरले ५९ वर्षका भए। जीवनको उत्तरार्ध, अशक्त शरिरको कुनै प्रवाह नगरी हर्कबहादुर परिवारको रोजिरोटीको जोहो गर्न भारतको उत्तराखण्ड अर्थात कालापहाडको यात्रामा निस्किएका छन्।

जाडो छेक्ने झुत्रा कपडाले सजिएका हर्कबहादुरले झोलामा श्रीमतीले भुटेर हालेको मकैसँगै एक सरो कपडा बोकेका छन्। हर्कबहादुर मजदुरीका लागि भारतको कालापहाड जाने मौसमी लाहुरे हुन। उनका अब आउने ६ महिना सडक निर्माण मजदुरका रुपमा बित्नेछन्। उनको यो क्रम ४० वर्षयता निरन्तर चलिरहेको छ।

हर्कबहादुरका बुवाले पनि यसरी नै कालापहाडाको मजदुरी गरेर जीवन चलाएका थिए। 'चाडपर्व सकिए, अब परिवार पाल्न हिडियो कालापहाड। यसवर्ष अलि शरिरले साथ नदेला जस्तो छ। हेरौ कति काम गर्न सकिन्छ,' हर्कबहादुरले भने। यस वर्षको सिजनमा स्वास्थ्यले साथ दिए ऋण तिरेर एक लाख नेपाली रुपैयाँ बचत गर्ने लक्ष्य उनले राखेका छन्।

हर्कबहादुरसँगै बराहताल गाउँपालिकाका विभिन्न क्षेत्रका एक सय जना रोजगारीको खोजिमा बिहिबार कालापहाडतर्फ लागेका छन्। उनीहरुलाई वर्षेनी ११ मंसिरमा स्थानीय सन्तोष शाही (स्थानीयको भाषामा मेट) ले भारतको उत्तराखण्डमा सडक मजदुरका रुपमा काम गराउन लैजाने गर्दछन्।

चाडपर्व सकिएसँगै वर्षेनी उनीहरुको मजदुरीको यात्रा भारतर्फ लम्किन्छ। हर्कबहादुरहरुको यो रहर नभई बाध्यता हो। उनीहरु आफ्नै देशमा ज्याला मजुदरी गर्न चाहन्छन्। सीप अनुसारको रोजगारीको ग्यारेण्टी चाहन्छन्। परिवार पाल्नकै लागि घर छाड्न नपरोस भन्ने चाहन्छन्। बिडम्बना एकातिर रोजगारीका अवसर नहुन, नेपालको निर्माण क्षेत्रका बदमास व्यक्तिका कारण उचित श्रमको ज्याला त पाइदैन नै, काम गरेवापत उल्टै ठेकेदारको ठगी जालोबाट उनीहरु आक्रान्त छन्। यसै कारण पनि देशमै प्रसस्त निर्माण क्षेत्रमा रोजगारी रहेपनि उनीहरु भारत हानिन बाध्य हुन्छन्।





> 'चाडपर्व सकिए, अब परिवार पाल्न हिडियो कालापहाड। यसवर्ष अलि शरिरले साथ नदेला जस्तो छ। हेरौ कति काम गर्न सकिन्छ।'

अनौपचारिक क्षेत्रमा काम गर्ने नेपाली श्रमिकको मुख्य रोजगारीको गन्तव्य नै भारत हो। त्यसमा पनि कर्णालीका १० वटै जिल्लाका नागरिकहरु दैनिक ज्याला मजदुरीका लागि भारतका विभिन्न ग्रामिण तथा सहरी क्षेत्रमा जाने गर्छन। रोजगारीको ठुलो हिस्सा भारत हुने गरेको भएपनि राज्यको हेपाहा प्रवृत्तिका कारण कति नेपाली कुन अवस्था र कस्तो काम गरिरहेका छन् भन्ने एकिन तथ्यांकमा भन्न सकिने अवस्था छैन। 'आफ्नै देशमा रोजगारी गर्ने मन नभएको त कहाँ होर ? तर, काम पाइन्छ, पैसा पाइदैन,' हर्कबहादुरले भने।

उनी ढुङ्गाको गारो लगाउने मिस्त्री हुन्। भारतमा उनको सीप अनुसारको काम पाइन्छ। भारतबाट फर्केपछि उनी मौसमी बेरोजगार बन्ने गर्दछन्। आफ्नै देशमा रोजगारीका पर्याप्त अवसर नहुँदा कालापहाड जाने हजारौ नेपालीको जीवन नै असुक्षित छ। भारतको उत्तराखण्डका सडक निर्माणमा हर्कबहादुरले आफ्ना जोशिला ४० वर्ष बिताएका छन्।

मजदुरीको क्रममा उनका धेरै साथीहरु आजिवन अपाङ्गतासँग बाँचेका छन्। केहीले ज्यान गुमाएका छन्। कामको सिलशिलामा घाइते भए वा मृत्यु भए त्यहि नै जीवन समाप्त हुने उनको दुखेसो छ। जसले परिवारमा थप आर्थिक भार थपिने गरेको उनले सुनाए। भारत त्यसमा पनि निर्माण मजदुरका रुपमा काम गर्ने कुनै पनि नेपालीको भविष्य सुखद् छैन। उमेर र शरिरमा ताकत रहुन्जेल पाखुरा बजार्ने उनीहरु अलिकति तलमाथि परे जीवनसँग हार्नुको विकल्प छैन।

कामको सिलशिलामा चोटपटक लागे उपचार, मृत्यु भएमा बीमाको व्यवस्था नहुँदा कालापहाडेहरुको जीवनसँगै परिवारको भरोषासमेत जोखिममा छ। पुस्तौदेखि चल्दै आएको हर्कबहादुरको कालापहाडको यात्राले गरिवीलाई झन् पुस्तान्तरण गरिरहेको छ। राज्यले अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरुको सामाजिक सुरक्षामा ठोस योजना नबनाउँदा मानवविकास सुचाङ्कको पुछारमा रहेको कर्णाली गरिवीको चक्रमबाट मुक्त हुन अझै समय लाग्ने देखिन्छ। मेटबाट अग्रिम पैसा लिएर उनीहरु मंसिरमा काम गर्न निस्कन्छन्। यसरी लिएको अग्रिम पैसा नतिरी बचत हुँदैन। योक्रम हर्कबहादुर जस्ता बेरोजगारका लागि निरन्तर चलिरहन्छ। सडक निर्माण मजदुरका रुपमा पछिल्लो समय महिला पनि भारत जाने गरेका छन्।

## २८ हजारले लिए श्रम स्वीकृति

कर्णाली प्रदेशबाट वैदेशिक रोजगारीमा जानेहरुको संख्या दिनप्रतिदिन बढ्दोक्रममा छ। वैदेशिक रोजगार विभागका अनुसार हालम्म कर्णालीबाट २८ हजार व्यक्ति वैदेशिक रोजगारीमा छन्। विभागका अनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा कर्णालीबाट नयाँ तथा पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या २८ हजार ५८ छ।

राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार यो संख्या आर्थिक वर्ष २०८०/०८१ को तुलनामा ११ दशमलव ८७ प्रतिशतले बढी हो। राष्ट्र बैंकको तथ्यांकले भन्छ, 'आर्थिक वर्ष २०८१/०८२ मा वैदेशिक रोजगारीका लागि प्रदान गरिएको कुल श्रम स्वीकृतिमध्ये कर्णाली प्रदेशको हिस्सा तीन दशमलव ७८ प्रतिशत छ।

यस अवधिमा नयाँ श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जानेको संख्या २० हजार आठ सय ८६ छ। जुन त्यसअघिको वर्षको तुलनामा १६ दशमलव ०६ प्रतिशतले बढी हो।' वैदेशिक रोजगारीबाट फर्केका श्रमिकमध्ये अधिकांशले पुनः श्रम स्वीकृति लिएर जाने गरेका छन्। यस्तै, केहीले विदेशमा सिकेको सीप स्वदेशमै प्रयोग गरी स्वरोजगारमा संलग्न भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ।

# खजुरा गाउँपालिकामा टिनमुक्त विद्यालय अभियान



**सरला सुवेदी**
**बाँके, ११ मंसिर ।**

बाँकेको खजुरा गाउँपालिकाले 'टिनको छानारहित विद्यालय' अभियानलाई तीव्रता दिँदै नयाँ पक्की पूर्वाधार निर्माणका कामलाई निरन्तरता दिएको छ। गाउँपालिकाले आफ्नो वार्षिक बजेट र विभिन्न दातृ निकायको सहयोगमा क्रमिक रूपमा टिनका छानाहरू विस्थापन गर्दै स्थायी भवन निर्माणको योजना अघि बढाएको हो।

खजुरा-२ गुराँसपुरस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा तीन कोठे पक्की भवन र दुई कोठे शौचालय निर्माणको शिलान्यास बुधबार गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका उपाध्यक्ष मन्जु मल्लका अनुसार गत वर्ष मात्र ६ वटा विद्यालयमा पक्की भवन निर्माण सम्पन्न भएको थियो भने यस वर्ष थप ३ विद्यालयमा भवन निर्माण कार्य भइरहेको छ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले शिक्षाको गुणस्तर वृद्धि विद्यालयका भौतिक संरचनासँग जोडिएको बताउँदै स्थानीय तहले यसलाई प्राथमिकतामा राख्दै आएको उल्लेख गरे। त्यस्तै, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख खगेन्द्रबहादुर मल्लले गाउँसभाले पारित गरेको टिनमुक्त विद्यालय नीतिअनुसार १०६ दिनभित्र पक्की भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको जानकारी दिए।

गाउँपालिकाका प्रवक्ता तथा वडा नं. २ का अध्यक्ष धनराम ओलीले अभिभावकले "कक्षाकोठा अभाव" भन्ने गुनासो नसुन्ने गरी काम अघि बढाएको बताए। उनले २०२४ सालमै स्थापना भएको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा पर्याप्त जग्गा हुँदाहुँदै पनि भवनको अभाव रहेकाले गाउँपालिकाले तीन कोठे भवन र दुई कोठे शौचालय निर्माणको पहल गरेको बताए। साथै, उनले अभिभावकलाई तरकारी बाली जस्तै आफ्नो बालबालिकाको शिक्षामा पनि नियमित हेरचाह गर्न आग्रह गरे।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष हस्तबहादुर बुढाथोकीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहयोगी संस्था 'बिल्ड अन नेपाल'का फील्ड संयोजक महेश रानाले निर्माण हुन लागेको पूर्वाधारबारे विस्तृत जानकारी प्रस्तुत गरेका थिए।

## घर भाडामा रहेको सूचना

वीरेन्द्रनगर रंगशालाको पुर्व पट्टी रहेको गेटको अगाडि मनकामना होटल रहेको पुरै घर होटल प्रयोजनका लागि भाडामा भएको हुदाँ इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहुन अनुरोध छ।

**तपशिल :**
**नाम** : रमेश कुमार ढकाल
**ठेगाना** : वीन.न.पा-८ (आवाश क्षेत्र)
**सम्पर्क नम्बर** : ९८५८०५००१९



## सम्पादकीय....

# कहिले बन्छ ट्रायल सेन्टर ?

यातायात व्यवस्था कार्याल सुर्खेतले सवारी चालक अनुमती पत्र (लाईसेन्स)को आवेदन खुला गरेको छ । मंगलबार सूचना जारी गर्दै कार्यालयले मोटरसाइकल, स्कुटर र मोपेड चालक अनुमती पत्रका लागि आवेदन माग गरेको छ । लामो समयदेखि रोकिएको लाइसेन्सको आवेदन पुनः खुलेको हो । कार्यालयका अनुसार लाइसेन्सका लागि शनिबारसम्म अनलाइनमार्फत फारम भर्न सकिने छ । लाइसेन्सको नविकरण मात्र गर्ने गरेको कार्यालयले २०७६ बाट लाइसेन्स दिन सुरु गरेको थियो । यातायात व्यवस्था कार्यालय सुर्खेतबाटै लाइसेन्स पाइने भएपछि नेपालगञ्ज धाउनुपर्ने बाध्यताको अन्त्य भए पनि कार्यालयसँग आफ्नै ट्रायल सेन्टर नहुँदा नागरिकहरू दोहोरो अतिरिक्त शुल्क तिर्न बाध्य बनिरहेका छन् । लाइसेन्स नवीकरण, सवारी साधन कर, रुट परमिट लगायतका सेवा प्रवाह गर्दै आएको कार्यालयलाई निजी क्षेत्रले ट्रायल सेन्टर उपलब्ध गराउने भएपछि सुर्खेतबाट नयाँ लाइसेन्स वितरण सुरु भएको थियो । लाइसेन्स बनाउन नेपालगञ्ज धाउनुपर्ने समस्याबाट मुक्त भए पनि कर्णालीका नागरिक दोहोरो करको मारमा परिरहेका छन् । घरदैलोमै आएको सेवा थप खर्चिलो भएको नागरिकको गुनासो छ ।

यातायात व्यवस्था कार्यालयलाई ट्रायल सेन्टरका लागि जग्गा उपलब्ध नभएको पनि होइन । वीरेन्द्रनगर-७, मा ट्रायल सेन्टर स्थापना गर्न प्रयाप्त जग्गा उपलब्ध छ । तर, सरकारका नाममा रहेको उक्त जग्गा हडपेर बसेका केही स्थानीयका कारण ट्रायल सेन्टर निर्माणको काम अगाडि बढ्न सकेको छैन । मालपोत कार्यालयको नाममा जग्गाधनी पुर्जा भएको उक्त जग्गा व्यक्तिले दाबी गरी निर्माणको काममा गरेको अवरोधले यातायात कार्यालयले भाडाको ट्रायल सेन्टर प्रयोग गर्नुपर्ने बाध्यता छ । निर्माण सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ । तर, पूर्वाधार विकास निर्देशनालय सुर्खेतले सो क्षेत्रमा बनेका निजी संरचना नहटाई ठेक्का लगाउन हतार गर्दा लगानी जोखिममा परेको छ । ट्रायल सेन्टर निर्माण गरिने स्थानको पश्चिमपट्टि सरकारी जग्गामा बनेका घरटहरा हटाउन नसकेपछि पूर्वाधार निर्देशनालय र यातायात कार्यालयले जिल्ला प्रशासन कार्यालय र नगरपालिकासँग पटक-पटक समन्वय गरिएको भए पनि समस्या सामाधान नभएको पूर्वाधार विकास निर्देशनालयले दावी गर्दै आएको छ । आयोजना कार्यान्वयन हुने क्षेत्रमा उत्पन्न विवाद समाधान गर्ने मुख्य जिम्मेवारी जिल्ला प्रशासन कार्यालय र सम्बन्धित नगरपालिकाको हुन्छ ।

विवाद समाधानका लागि सुर्खेत प्रशासन र वीरेन्द्रनगर नगरपालिकाले निर्णायक तहको भूमिका निभाउन नसक्दा ट्रायल सेन्टर निर्माणको योजना अलपत्र परिरहेको छ । ट्रायल सेन्टर सञ्चालनका लागि सरकारी निकायबीच नै आवश्यक समन्वय नहुँदा त्यसको प्रत्यक्ष मारमा नागरिक पर्दै आएका छन् । वीरेन्द्रनगर बजार क्षेत्रमा सरकारी जग्गामा बनेका संरचना हटाउन अभियान चलाएको वीरेन्द्रनगर नगरपालिकाले ट्रायल सेन्टर स्थापना गरिने क्षेत्रमा हडपिएको सरकारी जग्गा खाली गराउन नसकी निरीह बनेर बसेको छ । आफ्नो नीति तथा कार्यक्रममै समेटेर नगर क्षेत्रभित्र हडपिएका जग्गा खाली गराएर विभिन्न पूर्वाधार बनाउने योजनासहित नगरपालिका अगाडि बढेको छ । तर, निर्माणको ठेक्का लागेको दुई वर्षसम्म पनि नगरपालिकाले सो क्षेत्रको सरकारी जग्गा खाली गराउन नसकी रमिते बनेर बसेको छ । यो आफैमा बिडम्बनाको विषय हो । सकुमबासीका नाउँमा सरकारी जग्गा ओगटेर बसेका स्थानीयले पनि अनावश्यक माग राखेर विवाद निकाल्नु जायज होइन । यसर्थ, नियामक निकायले स्थानीयलाई मर्का नपर्नेगरी उचित विकल्प दिएर ट्रायल सेन्टर निर्माणको काम यथासिंघ्र अघि बढाउनतर्फ ध्यान दिन जरुरी छ ।

## आजको राशिफल

**मेष** – प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

**वृष** – सहयोगको नाममा कमजोरी खोतल्नेहरू सक्रिय हुनेछन्, सजग रहनुहोला । सामाजिक जिम्मेवारी बढ्नेछ । फाइदाका स्रोत पहिचान गर्न सकिनेछ ।

**मिथुन** – प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ । शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ भने जोश-जाँगरमा कमी आउनेछ ।

**कर्कट** – काम गर्न बिहानको समय अनुकूल छ । व्यापारमा लाभ हुनेछ । प्रेम वा मित्रताको बन्धन कसिनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**सिंह** – स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । मिहिनेतले प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ ।

**कन्या** – प्रतीक्षा गरिएको नतिजा सकारात्मक आउनेछ । बाधा हट्नेछन् र नयाँ कामतर्फ आकर्षित भइनेछ । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् ।

**तुला** – शुभचिन्तकहरूको सुझाव नमान्दा दुःख पाइनेछ । बन्धु-बान्धवबीच आत्मीयतामा कमी आउन सक्छ ।

**वृश्चिक** – स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ ।

**धनु** – मिहिनेतले राम्रो उपलब्धि हात पार्न सकिनेछ । व्यापार-व्यवसायमा लाभ हुनेछ । अध्ययनमा प्रगति हुनेछ र ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**मकर** – प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । अध्ययनमा प्रगति हुनेछ र ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**कुम्भ** – बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा काम बिग्रन सक्छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

**मीन** – मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. कर्णाली प्रदेश कार्यालय सुर्खेतको २१ दिने सूचना

**सुचना प्रकाशन मिति : २०८२।०८।१२**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरि बुझाउंनुपर्ने कर्जाको सावा, व्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बधी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालयको नाम :- कृषि विकास बैंक लि.शाखा कार्यालय, मुगु**

| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | कर्जाको उदेश्य | सावा रकम रु | मिति २०८२।०८।०३ सम्को व्याज, भाखा नाघेको र अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अज बहादुर मल्ल | छाँयानाथ रारा नगरपालिका-०१, गमगढी, मुगु | गोर बहादुर मल्ल | दान बहादुर मल्ल | व्यापार र सरल कृषि कर्जा | ४२१,००० | २१,००० | ४४२,००० | कलौता मल्ल | १३० दिन भा.ना |
| ६ | जनक बहादुर हितान | छाँयानाथ रारा नगरपालिका-०१, गमगढी, मुगु | दल हितान | धनजित हितान | घरायसी कर्जा | २,०००,००० | ४५,४५८ | २,०४५,४५८ | शैलेन्द्र कुमार हितान | १०० दिन भा.ना |

**कृषि विकास बैंक लि.**
**कर्णाली प्रदेश, सुर्खेत**

# Birendranagar Municipality
# Office Of The Municipal Executive

**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitation For Bids

**(First Date of publication: - 2082.08.12 B.S.)**

**Contract Identification No: NCB/BM/W/082/083/40**

1. Birendranagar Municipality, Surkhet has allocated funds for the Construction of Haridilbhumi School South Guru Bajecko House Road Upgrading Works, Haridilbhumi School to Panaroma Samma Road Upgrading, Aadarshanagar Tole Mukhhe Sadakko Adhuro Road Black Topped Works ,Itaura Gaun Pool to South Simalko Tree Road Upgrading Works, Aanapurna Tole Bhitri Sadak Miil bhanda Tala Dakshin Jane Road drain Construction Works and Samabesi Tole ko Mukhhe Chowk bata Paschim Hudai Jane Road Drain Construction Works , Surya Kathayat Jagga Dekhi ,Masurikhet-Tharugaun -Jayapur Road Upgrading works. Bidding is open to all eligible Nepalese Bidders.
2. The Birendranagar Municipality, Surkhet invites Single Stage Double Envelope Electronic bids from all eligible Nepalese bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures.
3. Only eligible bidders with the key qualifications as mentioned in Evaluation Criteria of bidding documents should participate in this bidding.

| S N | Name of Project | Contract ID | Specific Work Experience & Key Works Requirements | Fee for Bidding Document (NRs.) | Bid Security Amount & Validity Period (NRs.) | Average Annual Construction Turnover Amount Excluding VAT (NRs.) | Bid Capacity Excluding VAT (NRs.) | Minimum Work Experience of Similar Size and Nature Excluding VAT (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Haridilbhumi School South Guru Bajecko House Road Upgrading Works, Haridilbhumi School to Panaroma Samma Road Upgrading, Aadarshanagar Tole Mukhhe Sadakko Adhuro Road Black Topped Works, Itaura Gaun Pool to South Simalko Tree Road Upgrading Works, Aanapurna Tole Bhitri Sadak Miil bhanda Tala Dakshin Jane Road drain Construction Works and Samabesi Tole ko Mukhhe Chowk bata Paschim Hudai Jane Road Drain Construction Works, Surya Kathayat Jagga Dekhi, Masurikhet-Tharugaun -Jayapur Road Upgrading Works | NCB/ BM/W/ 082/083/40 | As stated in Evaluation and Qualification Criteria of Bid Document | 5,000 (Five Thousand only) | 5,74,000.00 (Bid validity 90 days and Bidsecurity 120 days) | NRs.2,940,0000.00 (Best 3 years within thelast 10 years) | NRs.1,94,00,000.00 | NRs.78,39,000.00 |

5. Under the Single Stage Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information at the Birendranagar Municipality , Surkhet, Contact No: 9858063111, or visit PPMO e-GP system.

**Chief Administrative Officer**

# Sharada Municipality
## Office Of The Municipal Executive

**Karnali Province, Nepal**
**Khalanga, Salyan**

## Notice of Financial Bids Opening

**Date of publication: 28th Nov 2025**

This is to notify to all the bidders who have submitted Technical and Price Bid for the Ramekhola-Kajeri-Ryale Road Construction (Contract Identification Number: SMO/NCB/W/02/2082/083) as per invitation for bid notice published on 17th Oct. 2025. The details of Technical Evaluation of the contract are mentioned below:

**Summary of Technical Evaluation for Contract ID:** SMO/NCB/W/02/2082/083

| S.N. | Bidder's Name and Address | Responsive/Non Responsive | Remarks |
|---|---|---|---|
| 1. | BG Nirman-Nawa Kamal JV | Responsive | |
| 2. | BHAIRAV/P.L J.V | Responsive | |
| 3. | CNS-LEC-KNS JV | Responsive | |
| 4. | Hamal Construction | Responsive | |
| 5. | KMC-BC JV | Responsive | |
| 6. | Shaubhagya Nirman Sewa | Responsive | |

We would like to invite the above mentioned responsive bidders to attend the opening of Financial Bid in the following mentioned details:
**Date:** 5th Dec. 2025
**Time:** 12:00 PM
**Place:** Sharada Municipality, Salyan

**Chief Administrative Officer**

# चौकुने गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**गुटु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## सिलबन्दि दरभाउत्र स्विकृतिको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८२।०८।१२**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०८२।०७।२० गते राष्ट्रिय स्तरमा सिलबन्दि दरभाउपत्र आह्वान गरिएको सूचना अनुसार तोकिएको मितिसम्म पर्न आएका सिलबन्दिहरुमध्य तपसिल बमोजिमको सिलबन्दिको न्यून्तम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राहि देखिन आएकाले सिलबन्दि दरभाउपत्र स्विकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. सं. | योजनाको नाम | सिलबन्दि दरभाउपत्र प्याकेज नम्बर | सिलदन्दि दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) रु | कै |
|---|---|---|---|---|---|
| १ | Procurement, Supply and delivery of Medicine for Chaukune Rural Municipality Gutu, Surkhet. | CRM/SQ/ GOODS/08/082/83 | BolBan Meditech Pvt. Ltd. , Bhaktapur. | १०,५१,९८१। | |

**पूर्ण बहादुर वि. क.**
**(प्रमुख प्रशासकीय अधिकृत)**

# Gauriganga Municipality
## Office of Municipal Executive

**Chaumala, Kailali**

## Invitation for Electronic Bid

**Date of First publication: 2025/11/28, (Mangsir 12th, 2082)**

1. Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | GGM/WORKS/ NCB/ 10/2082/083 | Gabion Protection Works at Five Different Places of Ward no 7 Gauriganga Municipality, Kailali | 36,20,136.84/- | 1,05,000/- | 3000/- NRS |
| 2 | GGM/WORKS/ NCB/ 11/2082/083 | Purano bazar Paschim tatbandhan nirman ra rajmarga pul dekhi tallo bazar tatbandhan nirman at ward no 2, Gauriganga Municipality, Kailali | 21,86,169.83/- | 62,500/- | 3000/- NRS |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2025/12/28, 13 Poush 2082. Detail Notice is published in the website of the Municipality.

**Chief Administrative Officer**

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सम्बन्धमा सूचना

**मिति: २०८२/०८/१२**

मिति २०८२/०६/२७ गते यस भेरिगंगा नगरपालिकामा तपशिल बमोजिमका कार्यको लागि बिधुतिय बोलपत्र माध्ययम द्वारा सुचना आह्वान गरि मिति २०८२/०७/२६ गते दिनको १२:०० बजे सम्ममा दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्बजनिक खरिद (पहिलो शंसोधन) ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BGM/IDB/NCB/ 2082/083- 10 | लामाखाली देखि तिजुमुल सडक पक्कि नाली निर्माण, भेरिगंगा-०६ । | श्री न्यु दीप गंगामाला निर्माण सेवा, सिम्ता-२ काफलकोट | रु २६,९१,०२७.४९/- | |
| २. | BGM/IDB/NCB/ 2082/083-11 | वडा कार्यालय देखि तोलिखोला पुलसम्म सडक स्तारुन्नत, भेरिगंगा-४ । | श्री दि दर्सन कन्स्ट्रक्सन, सुर्खेत | रु २३,८४,४९१.२५/- | |
| ३. | BGM/IDB/NCB/ 2082/083-12 | ठुलोखाली देखि कसेरी मसानघाट जाने सडक नाला, ग्रावेल निर्माण, भेरिगंगा-८ । | श्री शिशिर कन्स्ट्रक्सन, लोदे मेहलकुना | रु २०,८४,६५४.७९/- | |
| ४. | BGM/IDB/NCB/ 2082/083-13 | देउती प्रा.वि. देखि नमुना टोलसम्म सडक स्तारुन्नती, भेरिगंगा-८ । | श्री शिशिर कन्स्ट्रक्सन, लोदे मेहलकुना | रु १४,१७,४२४.९९/- | |
| ५. | BGM/IDB/NCB/ 2082/083-14 | बबई हत्तिखाल गेरुवानी घुइयावारी सडक स्तारुन्नती, भेरिगंगा-५ । | श्री जी.आर.यन कन्स्ट्रक्सन एण्ड सप्लायर्स | रु ५७,७१,५००.००/- | |
| ६. | BGM/IDB/NCB/ 2082/083-15 | त्रिवेणी र नवज्योति टोल अधुरा अपुर सिचाई कुलो निर्माण, भेरिगंगा-७ । | श्री न्यु पब्लिक कन्स्ट्रक्सन, भेरिगंगा सुर्खेत | रु १५,७५,२९०.१७/- | |

**कृष्ण प्रसाद पोख्रेल**
**प्रमुख प्रशासकीय अधिकृत**

# Gauriganga Municipality
## Office of Municipal Executive

**Chaumala, Kailali**
**Sudurpaschim Pradesh, Nepal**

## Invitation for Sealed Quotations

**Invitation of bids for Various Civil Works under Sealed Quotations at Gauriganga Municipality**
**Date of publication: 2025/11/28, Mangsir 12th 2082**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Civil Works under Sealed Quotations Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/ WORKS/ SQ/ 04/2082/083 | Krishi Mul Sadak Kalopatre Nirman, ward no 11 | 9,86,398.65/-NRS | 30,000/- NRS | 1000/-NRS | 3rd Notice |
| 2 | GGM/ WORKS/ SQ/ 05/2082/083 | Mahadev Mavi Adhuro Bhawan Nirman Gauriganga-09, | 17,32,170.68/-NRS | 50,000/-NRS | 1000/-NRS | |
| 3 | GGM/ WORKS/ SQ/ 06/2082/083 | kohalpur tatbandhan nirman, wada kaa bibhinna sthaan maa tatbandhan tatha wall nirman, andaiya sthit janajagriti aaviko pachadi tatbandhan nirman | 14,91,051.77/-NRS | 42,500/-NRS | 1000/-NRS | |
| 4 | GGM/ WORKS/ SQ/ 07/2082/083 | Krishna Poudel ko khet najik Chanaura kulo maa Culvert nirman ra Dogana Chaudhary ko ghar najik Chanaura Kulo maa Culvert Nirman | 12,33,623.95/-NRS | 35,000/-NRS | 1000/-NRS | |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2025/12/14, 28 Mangsir 2082. Detail Notice is published in the website of The Municipality.

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# सामुदायिक बीउ बैङ्कको संरक्षण र बिस्तार आवश्यक

**युग संवाददाता**
**सुर्खेत, ११ मंसिर ।**

कर्णालीमा सामुदायिक बीउ बैङ्कको वर्तमान अवस्था र बिस्तारको आवश्यकताबारे प्रदेशस्तरीय नीति संवाद सम्पन्न भएको छ ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लिबर्ड), अक्सफाम र सामुदायिक बीउ बैङ्क सङ्घ नेपालको संयुक्त आयोजनामा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित नीति संवादमा प्रदेशमा पाइने रैथाने जात तथा विभिन्न प्रजातिका बीउ बैङ्क, तिनको संरक्षण र बिस्तार सम्बन्धी छलफल भएको हो ।

संवादमा धौलिगाड कृषि सहकारी संस्था तातोपानी गाउँपालिका हाँकु जुम्ला अध्यक्ष कविता जैसीले स्थानीय बाली विविधता संरक्षण, उपभोग तथा प्रवर्द्धनमा सामुदायिक बीउ बैङ्कले गरेका असल अभ्यास तथा सिकाइ र पञ्चकोशी समाज सुधार सहकारी संस्था दैलेख दुल्लु नगरपालिकाका अध्यक्ष पूर्णबहादुर शाहीले दुल्लुमा सामुदायिक बीउ बैङ्क स्थापनाका लागि भइरहेका प्रयास बारे प्रस्तुतिमार्फत जानकारी दिए ।

# अतिक्रमित घर टहरा हटाउन सुरु

**युग संवाददाता**
**नेपालगञ्ज, ११ मंसिर ।**

रत्न राजमार्ग आसपासमा अतिक्रमण गरी बनाइएका घर टहरा नेपालगञ्ज उपमहानगरपालिकाले आजदेखि हटाउन सुरु गरेको छ । उपमहानगरले बिपीचोकबाट धम्बोझी चोकसम्म राजमार्गदेखि २१ मिटरभित्रका घर टहरा हटाउन सुरु गरेको हो ।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले त्यस क्षेत्रमा अपाङ्गमैत्री संरचना निर्माणका लागि ठेक्का सम्झौता भइसकेकाले अतिक्रमण हटाउन सुरु गरिएको जानकारी दिए । उनले हरियाली प्रवर्द्धन गर्न रुख बिरुवासमेत रोपिने उल्लेख गर्दै डेढवर्षमा गणेशमान चोकदेखि बिपीचोक र धम्बोझी चोकदेखि पुष्पलाल चोकसम्म पूर्वाधार निर्माण गरिने बताए ।

रु ४९ लाख ५० हजारमा सो ठेक्का लगाइएकाले हाल बिपीचोकदेखि धम्बोझी चोकसम्म अतिक्रमण हटाइने उनको भनाई छ । उपमहानगरले यसअघि सार्वजनिक सूचना जारी गर्दै अतिक्रमण गरेका जग्गा खाली गर्न आग्रह गरेको थियो ।

## २४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८२/०४/२५ गते बसेको संचालक समितिको बैठकको निर्णय नं २ अनुसार संस्थाको २४ औं वार्षिक साधारणसभा २०८२ भाद्र २८ गते सम्पन्न गर्ने भनिएकोमा सो समयमा देशमा उत्पन्न विषम परिस्थितिका कारण स्थगित भएको साधारणसभा यस संस्थाको संचालक समितिको मिति २०८२ कार्तिक २७ गते बसेको बैठकको निर्णय नं १ अनुसार तपसिलको मिति, स्थान र समयमा हुन गइरहेको हुदा यहाँको गरिमामय, अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछौं ।

**तपसिल**

**मिति :-** २०८२/०८/१२ गते ।
**समय :-** विहान १०:०० बजे ।
**स्थान :-** जिल्ला समन्वयको सभा हल वि.न.न.पा-८, सुर्खेत ।

**छलफलका विषयहरु :**

१) आ.व. २०८१/०८२ को वार्षिक प्रगति तथा लेखापरिक्षण प्रतिवेदनमा छलफल र अनुमोदन सम्बन्धमा ।
२) आ.व. २०८२/०८३ को कार्यक्रम तथा अनुमानित आय-व्यय प्रतिवेदन प्रस्तुत तथा छलफल सम्बन्धमा ।
३) आगामी वर्षको लेखापरिक्षक नियुक्ति र सो को पारिश्रमिकको निर्णय सम्बन्धमा ।
४) निर्णय पुस्तिका प्रमाणीकरणका लागि प्रतिनिधी छनोट सम्बन्धमा ।
५) आन्तरिक निति, कार्यविधि संसोधन तथा पारित सम्बन्धमा ।
६) विनियम संसोधन तथा पुनः लेखन सम्बन्धमा ।
७) विविध सम्बन्धमा ।

**भेरी कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.**
विरेन्द्रनगर नगरपालिका-७, सुर्खेत

## तालिम खुल्यो ! तालिम खुल्यो !!

**सिपपछि रोजगारीको अवसर**

वीरेन्द्रनगुर-१२ औधोगिक क्षेत्र सुर्खेतमा सञ्चालित एक उधोगमा हाते कपडा बुनाई (हेण्डलुम तान) बाट कपडा बुनाई सम्बन्धिको ३० दिने (एक महिना) पूर्ण अभ्याससहितको प्रशिक्षण तालिम खुलेको सहर्ष जानकारी गराउँदछौं । सिप सिकेका र सिप सिक्न चाहने इच्छुक महिलाहरुले तत्काल सम्पर्क राख्नुहोला । तालिम अवधिभर खाजाको व्यवस्था गरिनेछ । तालिमबाट उत्कृष्ट सिप सिक्ने ४ जनालाई पूर्णकालिन रोजगारी प्रदान गरिनेछ ।

**तालिम सञ्चालन हुने**
**मिति :** २०८२ मंसिर १५ गतेदेखी २०८२ पुष १५ गतेसम्म
**समय :** विहान १०:०० बजेदेखी साँझ ४:०० बजेसम्म
**स्थान :** वीरेन्द्रनगर औधोगिक क्षेत्रभित्र
**सम्पर्क नं.** ९८५१३२९१६९

**यूनिक डेण्टल**
मो. ९८४९९८७९३३, ९८१३१९६५०० केयर होम

दशैं तिहार
२५% सम्म छुट अफर
नयाँ दाँत जडान गरे बापत हात खाली नजाने उपहार
डा. शक्ति वि क — जेनरल एस्थेटिक डेण्टिष्ट — NMC No. २६२६०
डा. मुक्ति रानाभाट — कन्सलटेण्ट अर्थोडोण्टिष्ट — NMC No. १४९९३
9849987933, 9804113641

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित( ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

घरायसी सामानहरुका लागि :
**भवानी अर्डर एण्ड सप्लायर्स**
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७९८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

**BHAWANI CHHAPAKHANA**
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com
Book & Copy Production
4 Colour Design & Print
Wedding Card
Auto Stamp
Broucher Design & Print
Calender Design & Print
Screen Printing
Flex Print


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।